सरकारी वा अनुदानित विद्यालयमा आगामी शैक्षिक वर्ष सेप्टेम्बर प्राथमिक एक मा पढ्ने उद्देश्य भएमा

प्राथमिक एकमा भर्ना:
प्रणालीअनुसार,
आगामी शैक्षिक वर्ष सेप्टेम्बर
सुरु हुने प्राथमिक एकमा भर्नाका
लागि

प्राथमिक एक भर्ना प्रणालीमा सहभागीता

सहभागिताको लागि योग्य हुन बच्चा
- सेप्टेम्बरमा प्राथमिक एकमा भर्ना गर्दा 5 वर्ष 8 महिना पुगेको हुनुपर्छ
- हङकङको बासिन्दा हुनुपर्छ
- अरू कुनै प्राथमिक विद्यालयमा उपस्थित भइरहेको हुनुहुँदैन र
- कहिल्यै पनि प्राथमिक एक तहका ठाउँ छुट्टाइएको हुनुहुँदैन

आवेदन फारम बालबालिका उपस्थित हुने शिशुकक्षा तथा बालस्याहार केन्द्र, जिल्ला कार्यालय "गृह मामिला विभाग" को सार्वजनिक सोधपुछ केन्द्र, शि.वि. को विद्यालय निर्धारण शाखा वा क्षेत्रिय शिक्षा कार्यलयहरूबाट प्राप्त गर्ने ।

स्वविवेकीय ठाउँको लागि आवेदन गर्न इच्छा नभएमा अथवा आवेदनको अन्तिम म्याद गुमाएमा

स्वविवेकीय ठाउँको लागि आवेदन गर्न इच्छा भएमा

शि.वि. को विद्यालय निर्धारण शाखामा आवेदन फारम पेश गर्नुहोला

ठेगाना: 2nd Floor, Lui Kee Education Services Centre, 269 Queen's Road East, Wan Chai, Hong Kong

स्वविवेकीय ठाउँको लागि आवेदन
- प्राय: सेप्टेम्बरको अन्ततिर अथवा अक्टोबरको सुरुतिर आवेदन फारम सिधै विद्यालयमा पेश गर्ने
- आवेदन फारम **एक** मात्र प्राथमिक विद्यालयमा (आवेदन फाराम विद्यालय नेटबाट पनि भर्न सकिन्छ अथवा अभिभावकहरुले विशेषगरी विद्यालयमा आधारित सहायताका कार्यक्रमहरू साथमा व्यवस्था गर्दै प्रदान गरिएको धेरै चिनियाँ नबोल्ने विद्यार्थीहरू भएका विद्यालयहरूमा अथवा अरू विद्यालयहरूमा भर्नाको लागि) पेश गर्नपर्छ ।
- विद्यालयमा पढ्दै गरेका विद्यार्थीहरूका भाइ/बहिनी (हरू) अथवा विद्यालयमा काम गर्दै गरेका अभिभावकहरूका छोरा/छोरी (हरू) लाई भर्ना गरिनेछ । अरू आवदेनहरू प्राप्त अङ्कको नियमअनुसार छानिनेछन् ।

केन्द्रिय निर्धारण चरणमा सहभागी

स्वविवेकीय ठाउँहरूको भर्नाको परिणाम प्रत्येक वर्षको नोभेम्वरमा घोषणा गरिन्छ ।

असफल आवेदकहरू केन्द्रिय निर्धारण चरणमा सहभागी हुने

सफल आवेदकहरू विद्यालयमा दर्ता गर्ने

अभिभावकहरूले अर्को जनवरीमा निश्चित दिनहरूमा विद्यालयहरूको छनौट गर्नुपर्छ ।
- 10% निजी विद्यालयको केन्द्रिय निर्धारणको लागि तोकिएका प्राथमिक एक ठाउँहरू बिना अवरोध विद्यालय छनौटका लागि हो । अभिभावहरूले 3 वटासम्म विद्यालयहरू विद्यालय नेटमा छनौट गर्न सक्नेछन् ।
- बाँकी 90% सिमित विद्यालयहरू छनौटका लागि हुन्, अभिभावकहरूले विद्यालय नेटमा उपलब्ध प्राथमिक विद्यालयहरू छान्नुपर्छ । अभिभावकहरुले आवेदन फारममा आफ्ना बालबालिकाहरूले पढाईको माध्यममा **चाइनिजको** प्रयोग गर्न सक्दैनन् भने उनीहरूले कुनै विद्यालयहरूको नेटमा चिनियाँ भाषा नबोल्ने विद्यार्थीहरूका लागि विशेषगरी व्यवस्था गरिएको विद्यालयमा आधारित सहयोगी कार्यक्रम छान्न सक्छन् ।

- केन्द्रीय निर्धारणको परिणाम प्राय प्रत्येक वर्षको जुनमा प्रकासित गरिन्छ ।
- अभिभावकहरु निश्चित केन्द्रिय निर्धारण केन्द्रमा निश्चित दिनहरुमा प्राथमिक "एक" को दर्ता फारम लिन र दर्ता गर्न आफ्ना बच्चा संगै तोकिएको विद्यालयमा र तोकिएको समयमा जानुपर्छ ।







## प्राथामिक एक भर्नाको लागि अन्य व्यवस्थाहरू

अभिभावकहरू जसले समयमा स्ववीवेकीय ठाउँहरूमा भर्ना अथवा केन्द्रिय निर्धारण अवस्थामा सहभागी हुन निवेदन नगरेमा तर आफ्नो बच्चालाई प्राथमिक एकमा नयाँ शैक्षिक वर्षमा (प्राय: सेप्टेम्बर 1 बाट सुरु हुने) भर्ना गर्न चाहन्छन् भने उनीहरूले प्राथमिक एकमा ठाउँ बन्दोबस्त मिलाउन आफूसँगै आफ्नो बच्चाको परिचय पत्रका कागजातहरू र आफू बस्ने ठाउँको प्रमाण (**दुवै सक्कली र प्रतिलिपिहरू**), सँगै शि.वि. को विद्यालय निर्धारण शाखामा निवेदन दिनु पर्दछ ।

शैक्षिक वर्ष सुरु भइकेपछि (जस्तै: सेप्टेम्बर १ पछि) प्राथमिक एकमा भर्ना खोज्ने बालबालिकाको लागि ठाउँ बन्दोबस्त गर्नको लागि अभिभावकहरूले आफ्ना बालबालिकासहित नजिकैको क्षेत्रिय शिक्षा कार्यलयहरूमा कागजातहरू (**दुवै सक्कली र प्रतिलिपिहरू**) सहित जानुपर्छ ।

- बालकको परिचयात्मक कागजातहरू:
- बासस्थानको ठेगानाको प्रमाण

क्षेत्रिय शिक्षा कार्यलयहरूको ठेगाना तथा फोन नं.को लागि 14 पेजमा जानुहोस् ।

सिधै अनुदानित स्किम प्राथमिक विद्यालय, निजी प्राथमिक विद्यालयहरू र अङ्ग्रेजी विद्यालयहरूको फाउन्डेसनको प्राथमिक स्कुलहरूहरू प्राथमिक एक भर्ना प्रणालीबाट निकालिएका छन् । यी विद्यालयहरूको भर्नाको आफ्नै नियमहरू, समयतालिकाहरू तथा प्रक्रियाहरू छन् । आफ्ना बालबालिकाहरूलाई यी विद्यालयमा भर्ना गर्न चाहने अभिभावकहरूले जानकारी तथा आवेदनका लागि सिधै सम्बन्धित विद्यालयमा सम्पर्क गर्नुपर्छ ।



## सोधपुछ

अभिभावकहरूले अन्य जानकारीको लागि शि.वि. द्वारा तोकिएका ठाउँहरूमा सम्पर्क राख्न सक्छन् ।

ठेगाना: Office 2, 2/F, Manulife Financial Centre, 223 Wai Yip Street, Kwun Tong, Kowloon

टेलिफोन न.: 2832 7700 / 2832 7740

वेभसाइट: http://www.edb.gov.hk/en/edu-system/primary-secondary/spa-systems/primary-1-admission/index.html